## प्रेश विज्ञप्ति

### ट्रस्टी ऐनसम्वन्धी कार्य अगाडि बढाउन तथा सेवा शुल्क (ब्रोकर) र संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न दुई समिति गठन ।

नेपाल सरकारको आर्थिक वर्ष २०७६।०७७ को बजेटमा सामूहिक लगानी कोष, शेयर अभौतिकरण र सिडिएससी लगायतको कार्य व्यवस्थित गर्नका लागि ट्रस्टी ऐन तर्जुमा गर्ने भन्ने उल्लेख भएको साथै सोही बमोजिम बोर्डको आ.व २०७६।०७७ को नीति तथा कार्यक्रममा धितोपत्र बजारको स्थायित्व तथा दीर्घकालीन विकासका लागि आवश्यक ट्रष्ट ऐनको मस्यौदा गरी नेपाल सरकारसमक्ष प्रस्तुत गर्ने र सरकारमार्फत् विधायन प्रक्रियामा लैजाने भन्ने व्यवस्था रहेको सर्न्दभमा ट्रस्टी ऐनको मस्यौदा सम्बन्धी कार्य अगाडि बढाउन बोर्डका नियमन तथा व्यवस्थापन विभाग हेर्ने कार्यकारी निर्देशकको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ ।

यसै गरि मुद्रा तथा पूँजी बजारमा देखिएका प्रवितिहरुको समग्र मूल्यांकन गरी वित्तीय स्थायित्व एवं लगानीका लागि श्रोत व्यवस्थापनसम्बन्धी सुझाव समितिको प्रतिवेदन कार्यान्वयनको लागि नेपाल सरकार अर्थ मन्त्रालयबाट प्राप्त पूँजी बजारसँग सम्वन्धित सुझावहरु मध्ये बुँदा नं. ३४ मा NEPSE ले मिति २०७५ कार्तिक २० देखि संचालनमा ल्याएको स्वचालित कारोबार प्रणाली (NOTS) लाई बैंक र सिडिएससीको प्रणालीमा एक महिनाभित्र पूर्णरुपमा आबद्ध गरी संचालनमा ल्याउने र यो व्यवस्था लागू भएपश्चात् धितोपत्र व्यवसायीहरुले लिने सेवा शुल्कमा पुनरावलोकन गर्ने भन्ने उल्लेख भएको, हाल अनलाइन कारोवार प्रणाली शुरु भैसकेको, धितोपत्र कारोवारको दायरा फराकिलो बन्दै गएको र लगानीकर्ताहरुबाट धितोपत्र दलाल व्यवसायीले लिने सेवा शुल्क घटाउनुपर्ने भन्ने गुनासो समेत प्राप्त भएको पृष्ठभूमिमा बोर्ड, नेप्से र धितोपत्र दलाल व्यवसायीले लिने सेवा शुल्क (ब्रोकर शुल्क) का सम्वन्धमा अन्तर्राष्ट्रिय अभ्यास समेत अध्ययन गरी सुझाव पेश गर्न साथै बुँदा नं. ३३ मा उल्लेखित सुझावमा धितोपत्र व्यवसायीहरुले लगानीकर्ता साक्षरता (Investor Literacy) अभिवृद्धि गर्न आफ्नो मुनाफाको कम्तिमा एक प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्व कोष (Corporate Social Responsibility Fund) मा छुट्टयाई खर्च गर्नुपर्ने व्यवस्था मिलाउने भन्ने उल्लेख भएकोमा सो सम्बन्धमा सुझाव पेश गर्न बोर्डका नीति, अनुसन्धान तथा योजना महाशाखा हेर्ने उप कार्यकारी निर्देशकको संयोजकत्वमा चार सदस्यीय समिति गठन गरिएको छ ।

मिति: २०७६।०६।०६

(रुपेश के.सी.)
सह प्रवक्ता